# Poverty Alleviation Fund (PAF)

**Annual Report 2015/016**
**Myagdi**

## विषय सूचि


| क्र. सं | विषय | पेज नं. |
|---|---|---|
| १. | म्याग्दी जिल्लाको संक्षिप्त चिनारी : ........ | ४ |
| २. | म्याग्दी जिल्लामा कोष कार्यक्रम: ........ | ४ |
| ३. | कार्यक्रमका आधारस्तम्भहरु: ........ | ५ |
| ३.१. | सामाजिक परिचालन:........ | ५ |
| ३.२ | आयआर्जन:........ | ६ |
| ३.२.१ | घुम्तिकोषको स्थिति:/चक्रकोषको स्थिति ........ | ७ |
| ३.३ | साना सामुदायिक भौतिक पूर्वाधार: विकास कायक्रम........ | ७ |
| ३.३.१ | सचालन तथा मर्मत सभारका स्थिति ........ | ८ |
| २.३.२ | सम्पन्न परियोजनाहरु: ........ | ८ |
| ३.४ | क्षमता विकास:........ | ९ |
| ३.४.१ | सहयोगी संस्थाका कर्मचारिहरुको क्षमता विकास:........ | ९ |
| ३.४.२ | सामुदायिक संस्थाका सदस्यहरुको क्षमता विकास:........ | ९ |
| ४. | सहयोगी संस्था :........ | १० |
| ४.१ | सहयोगी संस्थामा कार्यरत जनशक्ति:........ | १० |
| ४.२ | सहयोगी संस्थालाई निकासा:........ | २२ |
| ४.३ | सहयोगी संस्थाहरुको मुल्याकन: ........ | ११ |
| ५. | संस्थागत विकास तथा दीगोपना:........ | ११ |
| ५.१ | स्थानिय स्रोत व्यक्तिको परिचालन........ | १२ |
| ५.२ | सामुदायिक संस्थाका संजाल (Network) ........ | १२ |
| ५.३ | सहकारीको स्थापना ........ | १२ |
| ५.४ | अन्य सस्थागत विकास प्रयाश :........ | १२ |
| ६. | अनुगमन तथा मूल्यांकन: ........ | १३ |
| ६.१ | सिर्जनशिलता तथा उत्कृष्ट प्रयासहरु (Innovation and Best Practice) ........ | १३ |
| ६.२ | समाजिक पुन मुल्याँकन परिमाण (Social Reassessment Result)........ | १३ |
| ७. | पकेट क्षेत्र विकास सम्बन्धि कार्यक्रम:........ | १३ |
| ८. | समन्वय तथा सहकार्य :........ | १४ |
| ८.१ | जिल्ला गरिवी निवारण समन्वय समिति र जिविस संगको सहकार्य :........ | १४ |
| ८.२ | स्थानिय सरोकार तथा निकायसंग समन्वय तथा सम्वन्ध :........ | १४ |
| ८.३ | अन्य विकास साझेदारहरुसंग समन्वय तथा सवन्ध :........ | १५ |
| ९. | ज्ञान व्यवश्थापन तथा संचार सम्बन्ध :........ | १५ |
| १०. | जिल्ला स्तरिय अनुगमन तथा मुल्याँकन कार्यक्रम :........ | १५ |
| ११ | वार्षिक समिक्षा कार्यक्रम :........ | १५ |
| १२. | जिल्लामा देखिएका संभाव्यताहरु :........ | १६ |
| १३. | अन्य संघ संस्था वाट श्रोत प्राप्त गरेका उप परियोजनाहरुको विवरण :........ | १६ |
| १४. | कोषको सहयोगमा जिल्लामा संचालित कार्यक्रमबाट देखिएका केहि सकरात्मक प्रभावहरु:.. | १६ |
| १५. | सिकाई तथा चुनौतिहरु:........ | १७ |
| १५.१ | सिकाई (Learnings) :........ | १७ |
| १५.२ | चुनौतिहरु (Challenges):........ | १७ |

१६. आगामी योजना तथा क्रियाकलाप :………………………………………………… १८
१७. उपलब्धिहरु :…………………………………………………………………… ……… १९
१८. सल्लाह र सुझाव (Recommendation):……………………………………………… १९
१९. निष्कर्श :………………………………………………………………………… २०
२० अनुसुचीहरु :…………………………………………………………………………… २१
अनुसुची : १ म्याग्दी जिल्लामा गठित सामुदायिक संस्थाको दर्ता तथा सम्झौता विवरण
अनुसुची : २ कार्यक्रमको फोटोहरु
अनुसुची : ३ घुम्तिकोष रिपोर्ट
अनुसुची : ४ बचत रिपोर्ट
अनुसुची : ५ न्यूज कटिंङ्ग

# गरीवी निवारण कोष, वार्षिक प्रतिवेदन, म्याग्दी

## आ.व. २०७२/०७३

### १. म्याग्दी जिल्लाको संक्षिप्त चिनारी :

**पृष्ठभूमि :**

नेपालको मध्य-पश्चिम पहाडमा अवस्थित, पुर्वमा कास्की र पर्वत, पश्चिममा वागलुङ्ग, डोल्पा र रुकुम उत्तरमा मुस्ताङ र डोल्पा तथा दक्षिणमा बागलुङ द्वारा परिबेष्ठित ८३°०८’ देखी ८३°५३’ पुवी देशान्तर र २८°२०’ देखी २८°४७’ उत्तरी अक्षाँस अर्न्तगत रहेको भू-भाग म्याग्दी जिल्ला अर्न्तगत पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल २,२९७ वर्ग कि.मी (२,२९,९०६ हे.) । जिल्लाको बर्तमान सिमाना २०३१ सालमा पर्वत र मुस्ताङ वाट २० गाविसहरु (गाँउ पंचायत) यस जिल्लामा गाभिना आएपछि कायम हुन आएको हो । हाल यास जिल्लामा ३५ गाविस र १ वटा नगरपालिका  रहेका छन । २०१८ सालको सीमा बिभाजन अनुसार गण्डकी पारिका ईलाकाहरु क्रमशः मूस्ताङ र पर्वत जिल्लामा रहेका थिए । तत्कालिन जिल्लामा २१ गाविस (गाउँ पंचायत) मात्रै रहेका थिए । यस जिल्लामा मुख्यतयाः ब्राह्मण, क्षत्री, गुरुङ, मगर, थकालि, नेवार, दमाई, कामि, सार्की लगायतका जातजातिको बसोबास रहेको छ । म्याग्दी जिल्ला प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक, कलाकृत पर्यतकीय तथा जैविक विविधताले सम्बृद्ध पहाडी जिल्ल हो । विबिध जातजाति र भेषभुषाले भरिपुर्ण विभिन्न  पर्यतकिय रमणिय स्थल मठमन्दिर सहितका पुरातात्विक धरोहरले भरिपुर्ण रहेको जिल्ला हो । २०६८ सालको जनगरणना अनुसार कुल घरधुरी संख्या २७,७६२ भएको यस जिल्लाको कुल जन संख्या १,१३,६४१ रहेको छ । जस मध्ये महिला ६२,२४६ (५४.७७५) र पुरुष ५१,३९५ (४५.२३५) रहेका छ । यस जिल्लाको जातिगत बनौटको अधारमा २२.४०५ दलित, ४९.४५५ जनजाति र अन्य जातजाति २८.१५५ रहेको छ । यसै गरि जिल्लाको औषत साक्षरता प्रतिशत ५६.६% रहेको छ भने मानव विकास सूचकाङ्क ०.४९ प्रतिशत र मानव गरीवी सूचकाङ्क ४०.३० प्रतिशत रहेको छ ।

### २.म्याग्दी  जिल्लामा कोष कार्यक्रमः

गरिवी निवारण कोषको स्थापना २०६० मा भएता पनि म्याग्दी  जिल्लामा २०७२ जेष्ठ देखी यस कोषको कार्यक्रम संचालन भएको हो सुरु देखी यस जिल्लाका २१ वटा गाविस छनौट गरि कार्यक्रम संचालन भएको भएता पनि हाल सम्मा १६ वटा गाविस मा कार्यक्रम शिमित रहेको छ । केन्द्रीय तथ्यांक विभागले देशलाई गरीबीका आधारमा गरेको वर्गिकरणमा ३४ औं स्थानमा रहेको यो जिल्लाको चरम गरीबीलाई कम गर्ने कोषको उद्देश्य अनुरुप नै यस जिल्लामा कोषको कार्यक्रम शुरु भएको हो र विगत बर्ष देखी हाल सम्मा नियमित रुपमा सुचारु तरिका बाट कार्यक्रम संचालन गर्दै आई रहेको छ ।




विगतका हाम्रा विकास प्रयासहरुले खास गरेर निरपेक्ष गरीबीको रेखामूनी रहँदै आएका, विकासको हिसावले पछि परेका जनसंख्याको तल्लो तहलाई प्रभावकारी रुपमा लाभान्वित गराउन नसकेको तथ्य कसैबाट छिपेको छैन । यसरी पछि परेको तल्लो तहलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गर्ने र सो प्रक्रियामा गरीब स्वंयम्लाई गरीबी निवारण कार्यक्रममा पुर्ण रुपले सहभागी तथा सहयात्री बनाउने स्पष्ट सोच राखी गरीबी निवारण कोष एउटा छुट्टै

निकाय (Separate Entity) को रुपमा बि.सं. २०६० सालमा अध्यादेश मार्फत स्थापना भई, हाल गरीबी निवारण कोष ऐन २०६३ अन्तर्गत सन्चालन भईरहेको छ । दशौं योजना, जसलाईं गरीबी न्युनीकरण रणनीति पत्र पनि भनिन्छ, सोही योजनाको कार्यान्वयन गर्नका लागि स्थापना भएको संस्था गरिबी निवारण कोष हो ।

कोषको कार्यक्रमलाई सहजीकरण गर्नका लागि प्रतिस्पर्धाका आधारमा म्याग्दी जिल्लामा पनि गत बर्ष (२०७२ साल जेष्ठ) देखी गरिवी निवारण कोष काठमाण्डौ र २ वटा सहयोगी संस्था विच सम्झौता भई म्याग्दी जिल्लाको १६ वटा गाविसहरुमा कार्यक्रम संचालन भैरहेको छ । हाल सम्म ६६ वटा सामुदायि संस्थाहरु ठगन भई ६० वटा कोषमा दर्ता तथा सम्झौता सम्पन्न भएको छ भने यि संस्था अन्तर्गत ५१ वटा उप–परियोजनाहरुको सम्झौत भई घुम्तिकोषको रकम सामुदायिक संस्थामा प्राप्त भएको छ । यि उप–परियोजनाहरु मध्ये ७ वटा सामुदायिक साना भौतिकपूर्वाधार योपजनाको लागी सर्भे तथा डिजाईनका कार्य सम्पन्न भएको छ । ५१ वटा उप परियोजना आआर्जनसग सवन्धित छन जसमा आयमुलक कार्यक्रम धरै जसो बाख, भैसी पालन तथा तरकारी खेती एवं विभिन्न किसिम्का आयमुलक क्रिया कलाप संचालन गरी सामुदायिक संस्थाका सदस्यहरु आफ्ना आय बृद्धि गर्ने योजना रहेको छ । यस जिल्लामा २१ वटा गाविस गरिवी निवारण कोष कार्यक्रम संचालनका लागी छनौट भएता पनि १६ वटा गाविसमा मात्र संचालन भैरहेको छ र ५ वटा गाविसका लागी १ वटा सहयोगी संस्थाको सम्झौता हुना नसकेकोले कार्यक्रम संचालन हुना सकिको छैना । त्यसै गरी गरिवी निवारणकोषको सहयोगमा म्याग्दी जिल्लाको ६ वटा गाविसमा जपान सामाजिक विकास कोष कार्यक्रम संचालन भैरहेको छ । जस अर्न्तगत १० वटा उत्पादन समुह गठन भई गरिवी निवारण कोषमा दर्ता तथा सम्झौता कार्य सम्पन्न भएको छ ।

**३.कार्यक्रमका आधारस्तम्भहरु:**

**३.१.सामाजिक परिचालन:**

यस गरिवी निवारण कार्यक्रम अर्न्तगत सामाजिक परिचालनलाई महत्वपुर्ण जगको रुपमा लिन सकिन्छ र सामाजिक परिचालन कोषको चार आधार स्तम्भ मध्ये एक र अन्य तीन स्तम्भलाई प्रभावकारी बनाउनका लागि अति आवश्यक र महत्वपूर्ण स्तम्भ हो । सामुदायिक संस्था गरीबी निवारण कोषमा दर्ता भएपछि सामाजिक परिचालनकै माध्यमद्धारा सामुदायिक संस्थाका सदस्यहरुले आपसमा छलफल गरी आफ्नो ठाउँमा उपलब्ध श्रोत साधनको पहिचान गर्दै आफ्ना आवश्कता परिपूर्तिका लागि आफुलाई फलदायि हुने हिसावले आफ्ना एवं आफ्ना सामुदायिक संस्थाका सदस्यका योजनाहरु बनाउँछन् । यसै प्रक्रियाद्धारा हाल सम्म कोषमा दर्ता भएका सामुदायिक संस्था र संझौताको अवस्था तल तालिकामा देखाइएको छ । आ.व.०७२/७३ मा गरिवी निवारण कोष कार्यक्रम सुरुवात भएर हाल सम्मा आय आर्जन कार्यक्रम सुरु भएको छ भने साना सामुदायिक भौतिक पुर्वधार विकास कार्यक्रम संचालन संचालन हुने अवस्थामा रहेको छ । म्याग्दी जिल्ला चौथौ चरणमा कार्यक्रम संचालन भएकोले कार्यक्रम संचालित गाविसमा सबै समेतना सकेको छैना तर बाँकी रहेका गाँउ बस्तिहरुमा सामुदायिक संस्था गठन् गर्दै कार्यक्रम संचालित गाविसहरु कार्यक्रम समेत्दै गएको छ । जस्को बिस्तृत तथ्यांकीय जानकारी तपशिल बमोजिम रहेको छ ।

**तालिका-१ : कोषसंग सम्बन्धित जिल्लाको समग्र तथ्यांकिय जानकारी**

| | | **संख्या र रकम** | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|
| सामुदायिक संस्था | सामुदायिक संस्था गठन | आ.व. २०७२/०७३ | | हाल सम्मको जम्मा संख्या र रकम | | |
| | | संख्या | रकम | संख्या | रकम | |
| | कोषमा दर्ता | ६८ | २३९८४८८२ | ६८ | २३९८४८८२ | |
| | सामुदायिक संस्था संजाल | ० | ० | ० | ० | |
| कोषको लगानी | सम्झौता | ६८ | २३९८४८८२ | ६८ | २३९८४८८२ | |
| | आयआर्जन तर्फ | ६८ | २३९८४८८२ | ६८ | २३९८४८८२ | |
| | भौतिकपूर्वाधार तर्फ सर्भे डिजाईन | ० | ० | ० | ० | |
| सहयोगी संस्था | | २ | ५४७३४७६ | २ | ५४७३४७६ | |

<table>
<tr><td>कार्यक्रम पुगेका गाविस</td><td></td><td>२२</td><td>२३९८४८८२</td><td>२२</td><td>२३९८४८८२</td><td>१६ वटा गाविसमा नियमित कार्यक्रम र ६ वटा गाविसमा जापान समाजिक विकास कोष अर्न्तगत का कार्यक्रम गरि जम्मा २२ वटा गाविसमा</td></tr>
<tr><td colspan="5">सामुदायिक संस्थामा आबद घरधुरी</td><td>प्रतिशत</td><td>गरिव वर्गिकरण</td></tr>
<tr><td colspan="3">जम्मा</td><td colspan="2">२१४१</td><td>१००</td><td>आफ्नै उब्जनी वा नियमित आयबाट</td></tr>
<tr><td colspan="2">गरिवी बर्गिकरण</td><td>अति गरिव (क)</td><td colspan="2">१०७५</td><td>५०.०७</td><td>३ ≤ महिना खानपुग्ने</td></tr>
<tr><td colspan="2"></td><td>मध्यम गरिव (ख)</td><td colspan="2">७८२</td><td>३६.५२</td><td>६ ≤ महिना खानपुग्ने</td></tr>
<tr><td colspan="2"></td><td>गरिव (ग)</td><td colspan="2">२८४</td><td>१३.२६</td><td>१२ ≤ महिना खानपूग्ने</td></tr>
<tr><td colspan="2" rowspan="2">लिंगको अधारमा</td><td>महिला</td><td colspan="2">१७५८</td><td>८२.११</td><td></td></tr>
<tr><td>पुरुष</td><td colspan="2">३८३</td><td>१७.८८</td><td></td></tr>
<tr><td colspan="2" rowspan="3">जातिगत अधारमा</td><td>दलित</td><td colspan="2">६४३</td><td>३०.०३</td><td></td></tr>
<tr><td>जनजाति</td><td colspan="2">११६२</td><td>५४.२७</td><td></td></tr>
<tr><td>अन्य</td><td colspan="2">३३६</td><td>१५.६९</td><td></td></tr>
</table>

**३.२ आयआर्जन:**

यस जिल्लामा आयआर्जन अन्तर्गत विभिन्न क्षेत्रहरु जस्तै पशुपालन तर्फ बाखापालन, भैंसीपालन, कुखुरापालन, तथा खुद्रा ब्यावपार आम्दानीका स्रोतहरु रहेका छन् भने कृषि तर्फ मौसमी तथा वेमौसमी तरकारी उत्पादन आदिमा  लगानी भएको देखिन्छ । अन्य आयआर्जन तर्फ मौरीपालन, खुद्रा तथा होटल व्यवसाय, बाँसका निगाला सामाग्रीहरु बनाउने, किराना पसल, फलाम तथा तामाको भाँडाकुडाहरु बनाउने, सिलाईकटाई, सुनचाँदीको काम आदि प्रमुख छन् । यसरी आयआर्जनका लागि कोषबाट उपलब्ध गराईएका रकमलाई समुदायले घुम्तिकोषाको रुपमा परिचालन गरिहेका छन । गरीब समुदायमा यो घुम्तिकोषको रकम सामाजिक पूँजीका रुपमा स्थापना भएको हुँदा गरीबी निवारण कोषले यसलाई सामाजिक कोषको रुपमा व्याख्या गरेको छ । यस परिचालिन घुम्तिकोषको रकम बाट समन्य ब्याजदर निर्धारण गरेका छन भने ४/४ महिनको किस्ता निर्धारण गरेका छन । घुम्तिकोष परिचालन रकम वाट सामुदायिक संस्था सदस्यले ६ देखी १२ प्रतिशत ब्याज लिने गर्ने गरेका छन् ।

गरिवी निवारण कोष कार्यक्रमको सहयोगमा तथा सहयोगी संस्थाको प्राविधिक सहयोगमा गठित सामुदायिक संस्थाहरूे नियमित मासिक बचत संकलन गर्ने गरेका छन् । हाल सामुदायिक संस्थाको मासिक बचत दर रु १० देखी १०० रुपैया सम्मा रहेको छ । सामुदायिक संस्थाका सव भन्दा विपन्न वर्गमा परेका सदस्यको बचत गर्ने क्षमताको अधारमा बचत निर्धारण गरेका छन् । संकलित बचल रकम सदस्यहरु भित्रै सपस्या परेको बेला १२ प्रतिशत ब्याजदरमा ऋण लगानी गर्ने गरेका छन् । घुम्तिकोषको हकमा हाल सम्मा सामुदायिक संस्था गरिवी निवारण कोषमा दर्ता भैसकेको अवस्था छ र ऋण लिएको एक वर्षको अवधिमा लगेको ऋण तिरी सक्ने  निति नियम बनाएका छन् । घुम्तिकोष ब्यावसाय अनुसार किस्ता निर्धारण गरेको छ ।

पशुपालन तर्फ धेरैको माग बाखा तथा भैसी पालनमा देखिन्छ । यसको कारण कोषको कार्यक्रममा आबद्ध घरधुरीहरु एक दमै विपन्न परिवारका सदस्यहरु अवद्ध रहेको पईन्छ जो संग कृषि योग्य जग्गा जमिन नभएको र भएता पनि एक दमै थोरै रहेको पाईन्छ जस्ले गर्दा पशु ब्यवसायमा धेरै जसो सदस्य हरु अवद्ध रहेको पाईन्छ । असाध्यै न्यून भएका या हुँदै नभएका भएका कारण उनीहरुका कम लगानीमा बाखापाल्न तथा भैसी पालन ब्यवसाय सजिलो हुने, फाइदा हुँदा धेरै हुने र कुनै कारणवस नोक्शानी भयो भनेपनि धेरै ठूलो ज्यायजेथा गुमाउन नपर्ने भएको हुँदा त्यसप्रति गरीबहरुको आकर्षण बढेको देखिन्छ भने कसैका लागि बाध्यता पनि देखिन्छ ।

यस आ.व. ०७२/०७३ सम्ममा ५१ वटा उपपरियोजनामा संभ्कौता भई रकम निकास भैसकेको छ भने ९ वटा उप परियोजना आय आर्जनका लागी सम्झौता सम्पन्न भएको छ । आयआर्जन अन्तर्गत विभिन्न क्षेत्रमा भएको लगानीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-२ : आयआर्जन अन्तर्गतका क्षेत्रहरुमा भएको लगानी**

| शिर्षक | | आ.व.२०७२/०७३ | हाल सम्मको जम्मा |
|---|---|---|---|
| आयआर्जका विभिन्न क्षेत्रमा भएको लगानी ( रु.मा) | पशुपालन (Livestock) | १४२६२३०६ | १४२६२३०६ |
| | कृषि (Agriculture & Others) | ११४३९०० | ११४३९०० |
| | उत्पादनमुलक | ३४१८३२५ | ३४१८३२५ |
| | व्यापार (Trading) | ३५३९००० | ३५३९००० |
| | सेवा क्षेत्र (Service Sector) | २९२५०० | २९२५०० |
| | क्षमाता विकास (Capacity Building) | ६६८१९० | ६६८१९० |
| | **कूल जम्मा** | **२३३२४२२१** | **२३३२४२२१** |

उल्लेखित क्षेत्रहरु मध्ये सबै भन्दा बढी अर्थात ६६.६२% पशुपालन व्यवसाय तर्फ देखिन्छ त्यस पछि दोश्रोमा व्यापारमा १७.०७% लगानी भएको छ । त्यस्तै क्षमता विकास र कृषि क्षेत्रमा १०.९८% र ५.३३% छ भने उत्पादन मुलक र सेवा क्षत्रामा कुनै लगानी नभएको देखिन्छ। त्य। यसरी पशुपालनमा बढी लगानी हुनुको कारण कोषका लक्षित वर्ग आफ्नै जग्गाजमिन हुँदै नभएका वा असाध्यै कम भएका भएको हुँदा उनीहरुको अन्य व्यवसायमा त्यत्ति रुची देखिदैन । कृषिका लागि उब्जाउ जमिन र सिंचाई दुवै आवश्यक हुने र ति दुवै देखि उनीहरु टाढा भएको हुँदा कृषिमा कम माग भएको देखिन्छ । अर्को कुरा पशुपालनमा पनि धेरै जसो बाखा र भैसीको माग देखिन्छ । यसले के संकेत गर्दछ भने बाखा र भैसी गरीबका लाीग नोक्सान हुँदा कम हुने र नाफा हुँदा धेरै हुने हुँदा पनि गरीबलाई यो व्यवसाय सहज भएको हो । त्यसका लागि आफ्नै धेरै जग्गा जमिनको पनि आवश्यक नपर्ने देखिन्छ साथै उत्पान भएका बस्तुको बजार स्थानिय स्तरमा र बहिर पनि खपट गर्न सकिने भएको ले यो ब्यापारमा सामुदायिक संस्थाका सदस्यहरु अकर्शित देखिन्छन् ।

### ३.२.१ घुम्तिकोषको स्थिति:/चक्रकोषको स्थिति

गरिवी निवारण कोषले आफुले बनाएको रणनिति अनुसार गा. वि. स. मा गठित सामुदायिक संस्था ले प्रकुया पुर गरे पश्चात कोषमा संस्था दार्ता हुन्छ । त्यस पश्चात सामुदायिक संस्थाका सदस्यहरु आफ्नो ईच्छा र अनुभवको अधारमा ब्यवसाय छनौट गरी सामुदायिक संस्थाको योजना कोषमा प्रश्ताव भए पछि कोषमा स्विकृत भए पश्चात कोष र सामुदायिक संस्था विच सम्झौता भए पछि कोषले दिने रकम घुम्तिकोष भएर आउछ र सामुदायिक संस्थाका सदस्यहरुले पालै पालो गरी आफुले माग गरेको ब्यवसाय संचालन गर्ने गरेका छन् र नियमित चौमासिक किस्ता बुझाउने निति नियम बनाएका छन् । हाल सम्मा ५१ वटा सामुदायिक संस्थाको उप परियोजना गरिवी निवारण कोषमा दर्ता भएको जस्को उदेश्य सदस्यहरुको आय आर्जनमा अभिबृद्धि गनेए र सदस्यहरुको जिवन स्तरमा परिर्वतन ल्याउने रहेको छ । कोष वाट आय आर्जनका लागी ५१ वटा सामुदायिक संस्थाहरुको घुम्तिकोषको रुपमा पहिलो किस्त वापत १,५०,३१,१०१ सामुदायिक संस्थामा परिचालन भएको छ भने घुम्तिकोष लाई प्रर्वधन गर्ने हिसावले सामुदायिक संस्थाका सदस्यहरु ले आफुले माग गरेको रकमको १० प्रतिशत रकम घुम्तिकाषको रुपमा जम्मा रु १९,७७,९६० परिचालन गरेको पाईन्छ । सामुदायिक संस्थाका सदस्यहरुले घुम्तिकोष परिचालन वाट ६ प्रतिशत देखी १२ प्रतिशत सम्मा बार्षिक ब्याज लिने गरेका छन जुन ब्याज वाट सामुदायिक संस्था ब्यावस्थापन तथा संस्था गत विकासमा सहयोग पुगिरहेको छ ।

### ३.३ साना सामुदायिक भौतिक पूर्वाधारः विकास कायक्रम

खासगरी गरीबीको चक्रबाट बाहिर आउनका लागि गरीबी संग प्रत्यक्ष जोडिएका र उनीहरुको जिविकोपार्जनका लागि सहयोग पुरयाउने साना सामुदायिक भौतिकपूर्वाधारहरुको विकास महत्वपूर्ण हुन्छ । साना सिंचाई, विद्युत विस्तार, ग्राबेल सडक, गोरेटो बाटो, खानेपानी, माईक्रो हाईड्र पावर जस्ता पूर्वाधारका योजना संचालनका का लागी सर्भे भएता पनि हाल सम्मा संचालन हुन सकेको छैना । साना सामुदायिक पुर्वधारको लागी ७ वटा सर्वे डिजाईन तथा प्रतिबेदन तयारीका कार्य भएको जस्मा २ वटा खानेपानी, ४ वटा गोरेटो बाटो र १ वटा बाल विकास भवन निर्माण का लागी सर्भे भएका छन् । जसको लागी १ वटा खानेपानी योजनाको लागी गरिवी

निवारण कोष वाट लेखा जोखा कार्य सम्पन्न भएको छ  र ६ वटा उप परियोजना लेखाजोखा गर्न बाँकी रहेका छन । गरिवी निवारण कोष वाट संचालन हुने साना भौतिक पुर्वधारका योजना सामुदायिक संस्थाका सदस्यहरुको आय आर्जन मा प्रत्यक्ष प्रभाव पर्ने खालका योजनाहरु संचालन हुने गरेका छन् ।

**तालिका-३ : भौतिकपसर्वधार विकास उप परियोजना सम्बन्धि विवरण**

| शिर्षक | | आ.व.०७२/०७३ मा सर्भे डिजाईन | लाभान्वित घरधुरी | उपरियोजनाको संख्या | गा.वि.स. |
|---|---|---|---|---|---|
| भौतिक पुर्वाधार तर्फ पुर्वाधारक्षेत्रमा भएको लगानी (रु.मा) | खानेपानी | १ | १०० | १ | हिस्तान |
| | गारेटो वाटो | १ | ४० | १ | पाखापानी |
| | गोरेटो वाटो | १ | ८० | १ | दाना |
| | बाल विकास भवन | १ | ७४ | १ | घारा |
| | खनेपानी | १ | ५५ | १ | मूदी |
| | गरेटोबाटो | १ | २६ | १ | मूना |
| | गारेटो वाटो | १ | २५ | १ | मूना |
| | **जम्मा** | **७** | **४००** | **७** | |

गरिवी निवारणकोषले सामुदायिक संस्थाका सदस्यहरुको आय आर्जन अभिबृद्धि हुने गरि साना सामुदायिक भौतिक पुर्वधार विकास योजनालाई सहयोग गर्दै आई रहेको छ र माथि उल्लेखित तालिका अनुसार कोष कार्यक्रमका विभिन्न गाविसहरुमा साना सामुदायिक पुर्वधार विकास कार्यक्रमका लागी सर्भे तथा डिजाईन कार्य सम्पन्न भएको छ जसमा खानेपानी २ वटा हिस्तान र मुदी गाविसमा, गरेटो बाटो ४ वटा पाखा पानी, दाना र मुना गाविसमा र बाल विकास भवन १ वटा घारा गाविसमा सम्पन्न भएको छ ।

### ३.३.१  सचालन तथा मर्मत सभारका स्थिति

यस कोषको आर्थिक सहयोगमा म्याग्दी जिल्लामा संचालित कार्यक्रम अर्न्तगत साना भौतिक पुर्वधारका उप परियोजनाहरु संचालन हुने क्रममा छन जुन परियोजना लाई दिगो रुपमा संचालन गर्नको लागी सामुदायिक संस्थाका सदस्यहरु मर्मत तथा संम्भारका कोष निर्माण गर्ने योजना रहेका छ ।

### २.३.२ सम्पन्न परियोजनाहरुः

यस म्याग्दी जिल्ला गरिवी निवारण कोषको नयाँ कार्यक्रम जिल्ला भएको कारण कुनै आय आर्जन तथा भौतिकपुर्वधारका योजना सम्पन्न भएका छैना तर केही योजना संचालनमा रहेको छ जुन जिल्लाम कार्यरत सहयोगी संस्थाका तपशिल अनुसारका सहयोगी संस्थाहरुको उप परियोजना सम्पन्न भएका छन ।

**तालिका-४ : उप परियोजना परिचालन तथा सम्पन्न सम्बन्धि विवरण**

| क्र. स. | सहयोगी संस्थाको नाम | सम्पन्न उप परियोजना | | संचालनमा रहेका उप परियोजना | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | भौतिक पुर्वधार | आय आर्जन | भौतिक पुर्बधार | आयआर्जन | |
| १ | संगम, म्याग्दी | ० | ० | ० | ३१ | |
| २ | धैलागिरी सामुदायिक श्रोत विकास केन्द्र, बागलुङ्ग | ० | ० | ० | २१ | |
| **जम्मा** | | **०** | **०** | **०** | **५१** | |

### ३.४ क्षमता विकासः

### ३.४.१ सहयोगी संस्थाका कर्मचारिहरुको क्षमता विकास:

गरीबी निवारण कोषले लक्षित समुदायमा लगानी मात्र गरेको छैन, त्यस लगानीको दीर्घकाल सम्म सहि सदुपयोप गरेर समुदायको गरीबीलाई न्यूनिकरण गर्ने उद्देश्य रहेको हुँदा त्यसको सहि सदुपयोगको लागि समुदायलाई आवश्य पर्ने क्षमता बृद्धि सम्बन्धि काममा सहयोग गरेको छ भने समुदायलाई सहजीकरण गर्ने सहयोगी संस्थाका कर्मचारीहरुलाई विभिन्न प्रकारका तालिमहरु प्रदान गर्दै आइरहेको छ । जसको तपशिल बमोजिम तालिकामा बिवरण प्रस्तुत गरिएको छ ।

**तालिका-५: सहयोगी संस्थाका कर्मचारीहरुका लागि संचालन भएका तालिम र सहभागिको विवरण:**

| क्र.सं. | तालिमको नाम | सहभागिहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाति | अन्य | जम्मा | महिला | पुरुष |
| १ | गरिवी निवारण कोष कार्यक्रम कार्यन्वयन अभिमुखिकरण कार्यक्रम | १ | ९ | ७ | १७ | १२ | ५ |
| | **जम्मा** | **१** | **९** | **७** | **१७** | **१२** | **५** |

### ३.४.२ सामुदायिक संस्थाका सदस्यहरुको क्षमता विकास:

सहयोगी संस्थाहरु मार्फत सामुदायिक संस्थाको प्रमुख पदाधिकारीहरु र स्थानिय स्रोत ब्यक्तिहरुको क्षमता बिकास गर्न नेतृत्व विकास तथा लेखाव्यवस्थापन तालिम संचालन गरिएको थियो त्यसै गरि जपान सामुदायिक विकास कोष कार्यक्रम अर्न्तगत १० जन उद्यमी हरुलाई उत्पादन समुह स्तरमा १ वटा Design Artisans Development Workshop for Allo Fiber तालिम संचालन भएको छ । नियामित कार्यक्रम अर्न्तगत ३८ सामुदायिक संस्थाका १०५ जना र जपान सामुदायिक विकास कोष कार्यक्रम अर्न्तगतका १० गन गरि ११५ जना सदस्यहरुलाई क्षमता विकासका लागी तालिम संचालन गरिएको छ । यस तालिम पश्चात सामुदायिक संस्थाका ब्यक्तिहरुले यस कार्यक्रमको बारेमा जानकारी हासिल गर्नुका साथै सामुदायिक संस्था मार्फत गरिने घुम्तिकोष ब्यवस्थापन तथा परिचालन र लेखा ब्यवास्थापन सम्बन्धि ज्ञान तथा अनुभवहरु बयवहारिक रुपमा हासिल गरेका छन् ।

**तालिका-६ :सामुदायिक संस्थाका पदाधिकारी तथा सदस्यहरुका लागि संचालन गरिएका क्षमता विकास सम्बन्धि तालिम र सहभागि**

| क्र. सं. | तालिमको नाम | सहभागिहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **दलित** | **जनजाति** | **अन्य** | **जम्मा** | **महिला** | **पुरुष** |
| १ | नेतृत्व विकास तथा समुह ब्यवस्थापन तालिम | ३६ | ३१ | ३८ | १०५ | ९७ | ८ |
| २ | Artisans Development Workshop for Allo Fiber Training | ० | ८ | २ | १० | १० | ० |
| **जम्मा** | | ३६ | ३९ | ३० | ११५ | १०७ | ८ |






माथिको तालिका तथा पाई चार्ट हेर्दा सामुदायिक संस्थामा संचालन हुने क्षमता विकासका कार्यक्रम अर्न्तगत सहभागी हुने सदस्यको प्रतिशत हेर्दा २९ प्रतिशत अन्य, ३४ प्रतिशत दलित र ३७ प्रतिशत जनजाति तालिममा सहभागी भएका छन त्यसै गरि लिंगको अधारमा हेर्दा ९३ प्रतिशत महिला र ७ प्रतिशत पुरुष सामुदायिक संस्थाका सदस्यहरु क्षमताविकास कार्यक्रममा सहभागी भएका छन् ।

**४. सहयोगी संस्था :**
बर्दिया जिल्लामा कोषको प्रवेश मिति २०७१ जेष्ठ देखि शुरु भएको हो । समुदायमा सामाजिक परिचालन, सहजीकरण, प्राविधिक सहयोग, अनुगमन आदि जस्ता कार्य समुदायको नजिकमा रहेर प्राविधिक सहजीहरण गर्नका लागि यस जिल्लामा ३ वटा गैरसरकारी संस्था धौलागिरी सामुदायिक श्रोत विकास केन्द्र, बागलुङ्क र संगम, म्याग्दी कोषको सहयोगी संस्थाका रुपमा कार्य गरिरहेका छन् ।

समुदायमा आधारित गैर सरकारी संस्थाहरु स्थानीय निकाय, अन्य सेवा प्रदायक प्राइभेट निकायहरु समेत कोषका संभाव्य सहयोगी संस्थाहरु हुन सक्ने कोषको प्राबधान रहेको छ । यी सहयोगी संस्थाहरुको काम समुदाय परिचालन, सहजीकरण, सामुदायिक संस्थाहरुको क्षमता विकासमा सहयोग पुर्‍याउनुको अलवा सामुदायिक आयोजनाको पहिचान, योजना तर्जुमा, कार्यान्वयन, निर्माण तथा संचालन र मर्मत संभारमा सहयोग पुर्‍याउनु हो । यसरी म्याग्दी जिल्लाका १६ वटा गा.वि.स.मा सहयोगी संस्थाहरुले सामुदायिक संस्थाहरुलाई र १ वटा सहयोगी संस्था जपान सामुदायिक विकास कोष कार्यक्रमको लागी उल्लेखित सहजीकरणमा सहयोग पुर्‍याएका छन् ।

**तालिका-७ : सहयोगी संस्था र कार्यरत गा.वि.स.हरु**

| क्र.सं. | सहयोगी संस्थाको नाम | कार्यरत गा.वि.स. | कैफियत |
|---|---|---|---|
| १ | धैलागिरी सामुदायिक श्रोत विकास केन्द्र र बागलुङ्क | देविस्थान, ताकम, मुना, मुदी, लुलाङ्ग, गुर्जा, मराङ्ग, मलकावाङ्ग र कुईनेमंगले | नियमित कार्यक्रम अर्न्तगत |
| २ | संगम, म्याग्दी | चिमखोला, पाखापानी, हिस्तान,घार, पिपले, डोवा र दाना | नियमित कार्यक्रम अर्न्तगत |
| ३ | धैलागिरी सामुदायिक श्रोत विकास केन्द्र, बागलुङ्क | रुम, अरथुंगे, दरबांग दभिस्थान अरमन र ओखरबोट | ज्पान समाजिक विकास कोष कार्यक्रम अर्न्तगत |

**४.१ सहयोगी संस्थामा कार्यरत जनशक्तिः**
कोषका लागि कार्यरत दुई वटा सहयोगी संस्थाको जम्मा १३ जन समाज परिचालक, २ जना कार्यक्रम सुपरभाईजर र ३ जना कार्यक्रम संयोजक गरी जम्मा १८ जना जन शक्ति परिचालित भई यस कार्यक्रमलाई सहजीकरण गरी रहेका छन् । दुई वटा सहयोगी संस्थाहरु ले अफुले पएको कार्यक्षेत्र का गाविस र नगरपालिकामा काम गरी रहेका छन् ।

**तालिका-८ : सहयोगी संस्था अर्न्तगत कार्यक्रममा संलग्न जनशक्ति**



**४.२ सहयोगी संस्थालाई निकासाः**

गरिवी निवारण कोष ले म्याग्दी जिल्लामा कार्यरत सहयोगी संस्थालाई कार्यक्रम संचालन, सामुदायिक संस्थाहरुलाई सामाजिक परिचालन, सहजीकरण, क्षमता विकास, प्राविधिक सहयोग आदि सेवा उपलब्ध गराउन तथा कार्यक्रम संग सम्बन्धित केही क्रिया कलाप संचालन गर्नको लागी कोषको मापदण्ड अनुसार प्रतिस्पर्धाका आधारमा छनौट भएका २ वटा सहयोगी संस्थाहले यस म्याग्दी जिल्लामा काम गर्दै आइरहेका छन् । कोषले यी सहयोगी संस्थाहरुसंग उनीहरुको कार्य सम्पादन मूल्यांकनका आधारमा वार्षिक रुपमा संझौता गर्दै आइरहेको छ । उल्लेखित कार्य गर्नका लागि सहयोगी संस्थाहरुसंग कोषले अलग्गै संझौता गर्दछ ।

सामाजिक परिचालन अन्तर्गत सहयोगी संस्थाका कर्मचारीहरुको तलब र दुर्घटना विमा, नयाँ गा.वि.स.मा कोष र यसको कार्यक्रम संचालन प्रक्रिया सम्बन्धमा गा.वि.स. र वार्ड स्तरीय अभिमूखिकरण, सामुदायिक संस्था गठन पश्चायत तिनीहरुका लागि मसलन्द सहयोग जस्तैः रजिष्टर, छाप, क्याल्कुलेटर, बाकस, फाइल आदि, सामुदायिक संस्थाहरुको परियोजना प्रस्तावना तयारी आदि जस्ता खर्चहरु समावेश छन् भने प्राविधिक सहयोग अन्तर्गत सामुदायिक संस्थाहरुको भौतिक पूर्वाधार निर्माणको लागि पूर्व संभाव्यता अध्ययन, विस्तृत प्रतिवेदन, प्रस्तावना तयारी र इन्जिनियरिङ्ग खर्च समावेश छ ॥ यसै गरी क्षमता विकास अन्तर्गत सामुदायिक संस्थाका सदस्यहरुलाई नेतृत्व विकास, लेखाव्यवस्थापन, वचत तथा ऋण व्यवस्थापन जस्ता तालिम प्रदान गरिएको छ भने सहयोगी संस्थाहरुका लागि पनि सामुदायिक संस्थाहरुको क्षमता विकासको आवश्यकता अनुसारका प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको छ । कार्यक्रम लाई प्रभावकारी तथा थप पृष्ठपोषण प्रदान गर्नका लागी सहयोगी संस्थाका कार्य समिति वाट अनुगमन गर्न तथा सहयोगी संस्थाका कार्यप्रगति विवरण प्रतिबेदन तयार गर्न रकम निकासा गरिएको हुन्छ ।

त्यसै गरी कोषको कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि जिल्ला स्थित विभिन्न विषयगत कार्यालयहरु, राजनीतिकदलहरु र स्वंय सहयोगी संस्थाका कार्यकारीहरुबाट अनुगमन तथा मूल्यांकनका लागि उल्लेखित रकम सो शिर्षकमा छुट्टाइएको थियो र सोहि अनुसार अनुगमन गर्ने कार्य पनि भएको छ ।

**४.३ सहयोगी संस्थाहरुको मुल्याकनः**

गरिवी निवारण कोषले चौमासिक तथा बार्षिक रुपमा सहयोगी संस्था र कोष विच सम्झौता गर्ने गरको छ जस्को मुख्या अधार सहयोगी संस्थालाई दिईएको बार्षिक लक्ष्य अनुरुप सहयोगी संस्थाले कार्य सम्पादन गरेको अधारमा बर्षिक रुपामा प्रत्येक सहयोगी संस्थाको मुख्याँकन गर्ने गरेको छ । मुल्याँकनको अधारमा प्राप्त ग्रेड अनुसार सहयोगी संस्था लाई नियमित गर्ने वा नगर्ने निर्णय कोषको रहेको छ र सहयोगी संस्थाले प्राप्त नतिजाको अधारमा सहयोगी संस्था लाई कार्य क्षेत्र थप घत गर्ने र कार्यक्रमको शिर्षभार रकमको प्रतिशत घटाउने बढाउने गरको छ ।

यस म्याग्दी जिल्ला गरिवी निवारण कोष कार्यक्रमको लागी नया जिल्ला भएकोले कारणले यस वर्ष सहयोगी संस्थाको मुल्याँकन नभएको तर यस आ. व. ०७२/०७३ मा सहयोगी संस्थाले संचालन गरिने क्रियाकलापको ८५ प्रतिशत क्रियाकलाप सम्पन्न भएको छ ।

**५. संस्थागत विकास तथा दीगोपनाः**

गरिवी निवारण कोषको लगानीको सही सदुपयोगका लागि संस्थाका सदस्यहरुको क्षमता र संस्थागत विकासमा कोषले जोड दिएको छ । समुदायको संस्थागत विकासद्धारा नै उनीहरुको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने उद्देश्य अनुसार समुदायको संस्थागत विकासका लागि सामुदायिक संस्थाका पदाधिकारी एवं सदस्यहरुलाई संस्थागत विकास तालिम प्रदान गरिएको छ । त्यसै गरी लेखाव्यवस्थापन, वचत तथा ऋण परिचालन जस्ता तालिमले उनीहरुको संस्थागत विकासमा सहयोग पुर्‍याएको छ । संस्थाका सदस्यहरु महिनाको एउटा तोकिएको दिनमा भेला भई बैठक बस्ने, आफ्ना समस्याका बारेमा छलफल गर्ने र समस्या समाधानका लागि योजना

बनाउने, सम्बन्धित निकायको सामुहिक प्रयासद्धारा ध्यानाकर्षण गराउने जस्ता कामले उनीहरुको संस्थागत विकासमा सहयोग गरेको छ ।

त्यसै गरी समुदायले गरेको काम दीगो हुनुपर्दछ । त्यसका लागि संस्थागत विकासका साथै उनीहरुलाई आवश्यक अन्य प्राविधिक सहयोगको पनि आश्यक पर्दछ । समुदायले आवश्कता महसुस गरेका कृषि, भेटेनरी, इन्जिनियरिगं जस्ता सेवाहरु उपलब्ध गराइएका छन् यतिहुँदा हुँदैपनि उनीहरुको दीगोपनाको प्रमुख आधार भनेको कोषबाट आयआर्जनका लागि चक्रकोष रुपमा संचालन गर्न प्रदान गरिएको रकम नै प्रमुख हो । यसको सहि सदुपयोगका लागि उल्लेखित सहयोगहरु प्रदान गरिएको हो । यसका अतिरिक्त विभिन्न सेवा प्रदायक निकायहरुसंगको सम्बन्ध विकास पनि सामुदायिक संस्थाहरुको दीगोपनालाई सहयोग मिल्दछ । चक्र कोष वा घुम्तिकोष दिगो परिचालन का लागी सामुदायिक संस्थाको संस्थागत विकास हुन एक दमै जरुरी छ जसको लागी कोषले सामुदायिक संस्थाको घुम्तिकोष परिचालन गर्नुका साथ साथै सदस्यहरुको क्षमता विकासमा जोड दिएको छ । सामुदायिक संस्थाको क्षमता विकासका लागी लेखा व्यवस्थापन तालिम, समुह व्यवस्थापन तालिम, व्यवसायिक योजना बनाउने तालिम, संस्थागत विकास तालिमहरु संचालन गर्दै आई रहेको छ ।

### ५.१ स्थानिय स्रोत व्यक्तिको परिचालन

जिल्लामा गठित सामुदायिक संस्थाहरु संस्थागत विकासमा सहयोगी संस्था प्रयासरत रहेको छ ।  यस जिल्लम गठित सामुदायिक संस्था नयाँ भएकोले आफै संचालन हुना सक्ने अवस्थाका छैनन् । गविस स्तरमा स्थानिय श्रोत व्यक्ति विकास तथा परिचालन गर्ने अवधरणको विकास गर्दै कार्यक्रम संचालन भैरहेको छ । जुन स्थानिय श्रोत व्यक्ति सामुदायिक संस्थामा संचालनहुने विभिन्न प्रकासका क्रियाकलापको हिसाव किताव तथा अभिलेख राख्ने काम, सामुदायिक संस्थामा गरिने क्रियाकलापको छलफलमा सहजीकरण, छलफल वाट निश्कर्षमा निस्केका वा निर्णय भएकाकुरा हरुको माईन्यूट राख्ने कार्य गर्दछन् । त्यस्तै सामुदायिक संस्थामा परिचालनको हुने घुम्तिकोष परिचालन तथा असुलीको कार्य गर्दछ ।  परिचालित सहयोगी संस्थाका कर्मचारीहरु परिचालन संगै स्थानिय स्रोत व्यक्तिले सामुदायिक संस्था लाई अनुगमन तथा सहजीकरण गर्ने काम गर्ने छन । स्थानिय श्रोत व्यक्तिको परिश्रमिक सामुदायिक संस्था अर्न्तगत परिचालित घुम्तिकोष परिचालन वाट उठेका ब्याज वाट सामुदायिक संस्थाका सदस्यहरुले आफै भुक्तानी गर्ने गरेका छन् ।

### ५.२ सामुदायिक संस्थाका संजाल (Network)

यस जिल्लामा कोषको कार्यक्रम अर्न्तगत सामुदायिक संस्थामा प्रयाप्त मात्रमा गठन तथा घुम्तिकोष परिचालन नभएकोले गाविस स्तरिय संजाल गठन भैसकेको अवस्था छैना र पनि संजाल गठनका अवधरण तथा गाविस स्तरमा सामुदायिक संस्था गठन तथा विस्तार कार्य भैरहेको छ । गविस स्तरिय संजालको अवधरणको विकास तथा छलफलको कार्य सामुदायिक संस्था स्तरमा भैरहेको छ ।

### ५.३ सहकारीको स्थापना

जिल्लामा हाल सम्मा कुनै सहकारी संस्थाको स्थापना नभएता पनि सामुदायिक संस्थाका संस्थागत विकास तथा दिगो घुम्तिकोष परिचालन तथा ब्यवस्थापनका लागी सामुदायिक संस्थाहरुको सहकारी संस्था स्थापना गरि गर्ने अवधरणको विकास भैरहेको छ जस्ले अगामी दिनमा सम्बन्धित निकायमा सहकारी दर्ता गर्न सहज हुने छ ।

### ५.४ अन्य सस्थागत विकास प्रयाश :

यस जिल्लामा गठन भएका ६४ वटा सामुदायिक संस्था र १० वटा उत्पादन समुह १ वर्ष भित्रका छन जस्ले गर्दा कार्यक्रम को बारेमा बुझ्दै गएका छन् । ३ वर्ष पुगेका सामुदायिक संस्थाहरुको स्तरउन्नतिको स्थिति र बहिगर्मनको अवस्था मुल्याँकन गर्नु पर्ने भएकोले हाल सम्मा सामुदायिक संस्थाको मुल्याँकन गएिको छैना ।

**६. अनुगमन तथा मूल्यांकन :**

अघिल्ला आ.व.मा जस्तै यस आ.व.२०७२/०७३ मा पनि संचालित कार्यक्रमको विभिन्न तह र निकायबाट अनुगमन गर्ने काम भयो । सामुदायिक संस्था आफैले अनुगमन उपसमिति बनाई आफ्ना सदस्यहरुले गरेका विभिन्न क्रियाकलापहरुको अनुगमन गर्ने व्यवस्था भए अनुरुप नै अनुगमन गरेको देखिन्छ । संस्थाका सदस्यहरुले गरेका क्रियाकलापहरु जस्तै माग अनुसारको क्रियाकलाप संचालन गरे नगरेको, समयमा घुम्तिकोष तथा सो को व्याज असुली भए नभएको अनुगमन गर्ने गरेका छन् । त्यस्तै सहयोगी संस्थाका कर्मचारी तथा पदाधिकारी/सदस्यहरुबाट पनि कार्यक्रमको अनुगमन भइरहेको छ । त्यसै गरी गरीबी निवारण कोषबाट निरन्तर अनुगमन भइरेहको छ । यसरी हुने अनुगमनमा कार्यक्रम संचालन प्रक्रियामा अनुगमन, स्वीकृत माग अनुसारको श्रोत साधन समुदायमा पुगेनगुगेको, त्यस अनुसारको काम भए नभएको जस्ता कार्यक्रम शुरु देखि त्यसले दिने अन्तिम प्रतिफल सम्मको अनुगमन भएका छन् ।

त्यस्तै सहयेगी संस्थाले आफ्नो कार्य क्षेत्र भित्रका कार्यक्रमको अनुगमन तथा मूल्यांकनको लागि जिल्ला स्थित सबै सरोकारवाला निकायहरु जस्तैः जि.वि.स., विषयगत कार्यालय, राजनीतिक दलका प्रतिनिधिहरु, पत्रकारहरुको संयुक्त टोलिबाट अनुगमन तथा मूल्यांकन गराउने काम भएको छ । यसबाट कार्यक्रमका राम्रा तथा कमजोर पक्षहरुको पहिचान भई सुधारका प्रयासहरु पनि भएका छन् ।

अनुगमनकै सिलसिलामा अर्को महत्वपूर्ण कुरा के छ भने सामुदायिक संस्था दर्ता हुनु भन्दा अघि सामुदायिक संस्था बनाउँदा सबै प्रक्रिया, पुरा गरेर, उद्देश्य बुझेर सबैको सहभागितामा गरिएके हो होइन जस्ता कुराहरुको जाँचपड्ताल गर्न सम्बन्धित सामुदायिक संस्थामा नै गई समुदायसंग पुनः सो सम्बन्धमा अन्तर क्रिया गर्ने गरिन्छ । त्यस बखत कोषको परिभाषा भित्र परेका गरीबहरु छुटेका भए र उनीहरुको स्वइच्छा भए समावेश गर्ने र कोषको परिभाषा भन्दा बाहिरको व्यक्ति समावेश भएको भए समुदायकै रायसुझावमा हट्ने/हटाउने काम पनि भएका छन् । त्यसै गरी सामुदायिक संस्थासंग संझौता हुनु अधि उनीहरुले गरेका मागहरु उनीहरुको आफ्नै स्वइच्छाले मागे नमागेको, माग सो ठाउँका लागि सामान्यतया आर्थिक, प्राविधिक, सामाजिक, वातावरणीय आदि हिसाबले उचित भए नभएको उनीहरुसैगै पुनः अन्तरक्रिया, छलफल गरी हेर्ने गरिन्छ । यसका लागि भौतिक पूर्वाधार सम्बन्धि परियोजना भए सम्बन्धित विषयको इन्जिनियर पठाउने गरिएको छ । यो प्रक्रिया सबै सामुदायिक संस्था र सबै परियोजनामा गर्ने काम भएको छ ।

**६.१ सिर्जनशिलता तथा उत्कृष्ट प्रयासहरु (Innovation and Best Practice)**

यस म्याग्दी जिल्लामा सहयोगी संस्था अर्न्तगत गठित सामुदायिक संस्थाहरु समुहिक रुपमा गाँउघर सरससफाई तथा बस्ति स्तरमा गरिने कामको बारेमा समुहिक निर्णय गरि कार्यन्वायन गर्ने गरेको र यस जिल्लामा ५ वटा पुर्ण सरसफाई गाविस घोषण भैसकेको छ ।

**६.२ समाजिक पुन मुल्याँकन परिमाण (Social Reassessment Result)**

यस जिल्लामा गठित सामुदायिक संस्था १ वर्ष भित्रका रहेका र सामाजिक पुन मसल्याँकन गर्न कम्तिका २ वर्ष पुरा भएका सामुदायिक संस्थाको सामाजिक पुन मुल्याँकन नभएको ।

**७. पकेट क्षेत्र विकास सम्बन्धि कार्यक्रम**

